गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८३/०३/२३

समयः विहान ८:०० बजे

आज मिति २०८३/०३/२३ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री गंगा वहादुर तामाङ | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |

श्री अदित दाहाल — प्रमुख प्रशासकीय अधिकृत

बैठक समन्वय सहयोगी

इन्जिनियर श्री राम कुमार तामाङ

अधिकृतस्तर छैठौ श्री गणेश प्रसाद धिमाल

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

शिक्षा अधिकृत श्री राजन ढकाल

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

प्रस्तावहरू:

१. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।
२. योजनाको रकम भुक्तानी सम्बन्धमा।
३. ठेक्काको म्याद थप सम्बन्धमा।
४. भेरिएसन आदेश स्वीकृत सम्बन्धमा।
५. सरकारी जग्गा लिजमा दिने सम्बन्धमा।
६. शिक्षकको स्थानीय भत्ता सम्बन्धमा।

निर्णयहरू:

**निर्णय नं. १. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।**
अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नं. २. योजनाको रकम भुक्तानी सम्बन्धमा।**

क) नेपाल प्राज्ञिक अनुसन्धान प्रतिष्ठानले मिति २०८३।०१।०१ र २०८३।०१।०२ मा चखेवामा अन्तर्राष्ट्रिय स्रष्टा सम्मेलन सम्पन्न गरि सो सम्वन्धी प्रतिवेदन पेस गरेकोले उक्त प्रतिवेदन सन्तोषजनक पाइएको हुँदा प्रतिवेदन स्वीकृत गरी सो सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकोले निज संस्थालाई मुल्याङ्कन बमोजिमको रकम रु. १४९००००।- (चौध लाख नब्बे हजार) भुक्तानी दिने निर्णय गरियो।

ख) सगरमाथा विकास संस्थाले यस गाउँपालिकाको शैक्षिक गुणस्तर अनुसन्धान कार्य सम्पन्न गरी सो प्रतिवेदन पेस गरेकोले उक्त प्रतिवेदन सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरूको उपस्थितिमा छलफल गरिएको र प्रतिवेदन सन्तोषजनक पाइएको हुँदा स्वीकृत गरी उक्त संस्थालाई उक्त कार्यवापतको रकम रू. २९१०००।– (दुई लाख एकानब्बे हजार) भुक्तानी दिने निर्णय गरियो।

ग) भुरुचोक टोल सभा भवन निर्माण कार्य सन्तोषजनक रूपमा सम्पन्न भएको पाइएको हुँदा उक्त कार्यवापत भुरुचोक टोल सभा भवन निर्माण उपभोक्ता समितिलाई मुल्यांकन भएको रकम रू. ४,८०,४५७।– (चार लाख असी हजार चार सय सन्ताउन्न) भुक्तानी दिने निर्णय गरियो।

घ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत किरात राजाहरूको अर्धकदको ढुङ्गाको शालिक निर्माण कार्य अन्तर्गत राममिन मूर्ति निर्माण उद्योग टेम्केमैयुङ गा.पा. ४ ले मुर्ति निर्माण कार्य सन्तोषजनक रूपमा सम्पन्न गरिसकेको हुँदा उक्त कार्यको मुल्याङ्कन वापतको रकम रू. ९,१८,१२५।– (नौ लाख अठाह्र हजार एक सय पच्चीस) सम्बन्धित फर्मलाई भुक्तानी दिने निर्णय गरियो।

ङ) यस आ.व.मा जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भई आएको बिपद्का लागि आवश्यक सामाग्री खरिदको रकम रू. ३,००,०००।– (तीन लाख) र यस पालिकाबाट विपद् व्यवस्थापनका लागि खरिद गरिएको प्लाष्टिक टनेल २० थान र त्रिपाल २० थानको रकम रू. २,०५,०००।– (दुई लाख पाँच हजार) विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

च) स्थानीय पाठ्यक्रममा आधारित बान्तवा भाषाको कक्षा ३ को पाठ्यपुस्तक "बुझाखा" नामक संस्थाले लेखन कार्य पुरा गरिसकेको हुँदा उक्त पाठ्यपुस्तक स्वीकृत गरी उक्त लेखन कार्य वापतको रकम रू. १०००००।– (एक लाख) भुक्तानी दिने निर्णय गरियो।

छ) यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि आवश्यक थप जग्गा १ रोपनी १ आना जग्गाधनी राम बहादुर बस्नेतबाट पास भई प्राप्त भइसकेको हुँदा उक्त जग्गाको जिल्ला प्रशासन कार्यालयको मुआब्जा निर्धारण समितिले निर्धारण गरेको प्रतिआना रू. ४३,७५०।– को दरले जम्मा १७ आना जग्गाको मुआब्जा वापतको रकम रू. ७,४३,७५०।– (सात लाख त्रिचालिस हजार सात सय पचास) निज जग्गाधनीको वारेस अनिल बस्नेतलाई भुक्तानी गर्ने निर्णय गरियो।

ज) संघीय समपुरक योजना अन्तर्गत ठेक्का नं. 04/BHO/TRM/ROAD/082/83 Road Blacktop Work from Nagi Zero Point-Khawa-Pingdada-Bhornagi to Pandhare निर्माण कार्य On Light Builders Pvt.Ltd. ले कार्य गरेकोमा ७.५ मिटर ढलान कम गुणस्तरको पाइएको हुँदा उक्त ढलानको रकम कट्टा गरी बाँकी कार्य स्वीकार गरी उक्त कार्यको मुल्याङ्कन वापतको रकम रू. ९८१९५८०।– (अन्ठानब्बे लाख उन्नाइस हजार पाँच सय असी) भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३. ठेक्काको म्याद थप सम्बन्धमा।**

आ.व.२०८२।८३ को विशेष अनुदानको फोहोरमैला व्यवस्थापन अन्तर्गत ठेक्का नं 06/BHO/TRM/SWM/082/83 Construction Of Landfill Site for Solid Waste Management विदुर निर्माण सेवा टेम्केमैयुङ गा.पा. १ ले कार्य गरिरहेकोमा निर्माण सामाग्रीको अभाव, झाडीले बाटो भत्काएको कारण सामान आपूर्तिमा कठिनाई भएको कारणबाट समयमा कार्य सम्पन्न गर्न नसकने भएकाले म्याद थपको लागि

अनुरोध भई आएकोमा उक्त म्याद थप गर्ने मनासिव कारण देखिएको हुँदा हालसम्मको कार्यको मूल्याङ्कन बमोजिमको रकम रू. ३९,२५,९५४।- (उन्चालीस लाख पच्चीस हजार नौ सय चौवन्न) रनिङ विल भुक्तानी गरी उक्त निर्माण कार्यको म्याद २०८३ भाद्र २० सम्म थप गर्ने निर्णय गरियो। उक्त म्याद थपबाट पर्न जाने दायित्व वापतको रकम आगामी आ.व.को लागि विशेष अनुदानमा प्राप्त भएको सोही शीर्षक फोहोरमैला व्यवस्थापनबाट भुक्तानी दिने गरी स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

निर्णय नं. ४. भेरिएसन आदेश स्वीकृत सम्बन्धमा।

आ.व.२०८२।८३ मा ठेक्का नं 09/BHO/TRM/BLD/082/83 नागी स्वास्थ्य चौकी भवन निर्माण कार्य जलजले निर्माण सेवाबाट भएकोमा प्राविधिकबाट Soling Foundation माथि PCC 1:2:4 तह थप गरी Foundation लाई थप मजबुत, समतल तथा स्थिर बनाउनु अत्यावश्यक भई भेरिएसन गर्नुपर्ने आवश्यकता भई भेरिएसन गराउने निर्णय भएकोमा सो PCC कार्यको लागि रू. १,५०,८५३।- (एक लाख पचास हजार आठ सय त्रिपन्न) (६.०७%) बराबरको भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५. सरकारी जग्गा लिजमा दिने सम्बन्धमा।

सुम्निमा हाइड्रोपावर कम्पनी प्रा.लि.ले माथिल्लो पिखुवा हाइड्रोपावर आयोजनाको लागि आवश्यक पर्ने सरकारी जग्गा उपभोगका लागि सिफारिस उपलब्ध गराइदिन भनि निवेदन पेश गरेको हुँदा उक्त निवेदनमा उल्लिखित सरकारी जग्गा लिजमा दिनको लागि मालपोत कार्यालय भोजपुरलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ६. शिक्षकको स्थानीय भत्ता संम्बन्धमा।

यस गाउँपालिकाको विद्यालयहरूमा कार्यरत शिक्षकहरूको लागि अपुग स्थानीय भत्तासहित तलव भत्ता माग भएकोमा उक्त अपुग रकम गाउँपालिकामा प्राप्त भइसकेको हुँदा यस पालिकामा स्थायी, दरबन्दी भित्रको करार सेवा र प्राविधिक धारमा कार्यरत प्रशिक्षक तथा सहायक प्रशिक्षकहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आ.व. २०८२।८३ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको बुदाँ नं. २.२ मा उल्लेखित भएअनुसार १०.५ महिना बराबरको स्थानीय भत्ता प्रदान गर्ने निर्णय गरियो।